सुरक्षा

# 安全Book!

ネパール語 ver.

स-साना कुराहरूमा ध्यान पुऱ्याऔं !!
अस्पतालमा बस्दा बच्चालाई
लड्ने, खस्ने जस्ता जोखिमताहरूबाट बचाऔं



# बेडको बार माथिसम्म तानि बन्द गरौं

३ सेकेन्डको लागि मात्र भएपनि
बार लगाऔं...

एकैछिन यसो फर्किएको मात्र
बच्चा खसि हाल्यो !!

एकैछिनको लागि
मात्र भएपनि बार लगाऔं...

कुरुवाले पालना गर्नुपर्ने कुरा

अस्पतालको कोठा आफु सधै बस्ने कोठा नभएकोले बच्चाहरू डराएका हुन्छन्। त्यो माथि बिरामी भएकोले अझ गाह्रो भएको हुन्छ। त्यसैले भर्ना बस्दा बच्चाहरूले सधै भन्दा भिन्न व्यवहार देखाउने गर्छन्।



बच्चालाई बेडबाट खस्नबाट बचाउन बेडको बार सबैभन्दा माथिसम्म तानि लगाउनुभएको छ? त्यो बाहेक बेडमा खुट्टामा अल्झिन सक्ने खालका सामानहरू, मुखमा हालि अड्कन सक्ने खालका सामानहरू राक्नुभएको त छैन? बच्चाको सुरक्षाको लागि यस्ता स-साना कुराहरूलाई ध्यानमा राखि एक पटक फेरि राम्ररी चेक गरौं।

# हिड्डुल गर्दा बच्चाको हात समाउने गरौं !!

**बच्चाले सधैंभन्दा**
**बढी पिसाब फेर्ने भएकोले**
**घरि-घरि डाइपर फेर्नुपर्ने पनि हुनसक्छ...**

**स्लाइन जोडेको कुरा पनि**
**भुसुक्क बिर्सन**
**सक्छ।**

कुरुवाले पालना गर्नुपर्ने कुरा
मन पर्ने कुरा भेट्टाएमा वा डराएमा बच्चाहरूले स्लाइन जोडेको कुरा पनि बिर्सि दैडिन वा भाग्न खोज्छ।



साथै, लामो समय सुतेर उठी हिड्दाँ सोचेको भन्दा बढी नै खुट्टा लड्खडाउन सक्छ।
सुरक्षाको लागि यस्ता कुराहरूलाई समेत ध्यानमा राखि हिड्डुल गर्दा लड्न नदिन बच्चाको हात राम्ररी समाउने गरौं।

# हिड्न सहज किसिमको जुत्ता लगाई दिऔं

फुस्किदैन?

चिप्लिदैन?

कुरुवाले पालना गर्नुपर्ने कुरा

लामो समय सुतेर उठी हिड्दाँ सोचेको जस्तो गरि हिड्न नसक्ने पनि हुनसक्छ। त्यो माथि फुस्किने चिप्लिने जस्ता जिखिम भएको जुत्ता वा चप्पल लगाएको छ भने अझ लड्न सक्छ।

**बच्चा बिरामी भएको बेलामा बच्चालाई लड्न,**
**खस्नबाट जोगाउन सधै भन्दा बढि नै सुरक्षामा ध्यान पुर्‍याऔं !!**



अरु बेला केहि नहुने जुत्ता वा चप्पल भएता पनि बिरामी भएको बेलामा लड्ने जिखिमता भएकोले कस्तो जुत्ता हो एक पटक फेरि चेक गरौं।

स्यान्डल× सिलिपर× कोठा भित्र लागाउने कपडाको जुत्ता○

तुनाको सट्टामा च्यार-च्यार गरेर लगाउने खोल्ने भएको जुत्ता○




| | |
|---|---|
| 制作日 | 2023.1.10 |
| 制作 | 女子美術大学 アート・デザイン表現学科 ヒーリング表現領域・アートプロデュース表現領域3年<br>野呂千花子 日渡咲絢 福井さやか 藤田睦美 山崎友花 |
| 翻訳協力 | 国立国際医療研究センター病院 国際診療部 |
| 文 | 国立国際医療研究センター病院 小児科 |


©National Center for Global Health and Medicine. All rights reserved.